राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


# प्रेस नोट

२०७४ मङ्सिर २० गते

## निर्वाचन अनुगमनका लागि आयोगद्वारा उच्चस्तरीय अनुगमन टोली गठन

### गृह सचिव तथा सुरक्षा निकायका प्रमुखहरूवीच सुरक्षा व्यवस्थाबारे छलफल

राष्ट्रिय मानव अधिकार आयोगले निर्वाचन अनुगमन कार्यलाई थप प्रभावकारी र विश्वसनीय बनाउन 'राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८' बमोजिम आयोगका माननीय अध्यक्ष श्री अनूप राज शर्माको नेतृत्व सहितको मानव अधिकारकर्मी, महिला अधिकारकर्मी, नागरिक समाज, कानुन व्यवसायी संयूक्त राष्ट्रसंघका लागि नेपालका पूर्व स्थायी प्रतिनिधि संलग्न रहेको उच्चस्तरीय अनुगमन टोलीहरू गठन गरेको छ । टोलीले काठमाण्डौं उपत्यका लगायत आवश्यकता अनुसार अन्यस्थानहरू समेतको अनुगमन गर्नेछ ।

यसका साथै, आयोगले निर्वाचन सुरक्षा व्यवस्था तथा मानव अधिकारको उचित सम्मान र संरक्षणका लागि भएका प्रयासहरूबारे आजै राष्ट्रिय मानव अधिकार आयोग र नेपाल सरकारका गृह सचिव तथा सुरक्षा निकायका प्रमुखहरूवीच छलफल गरेको छ । सो अवसरमा आयोगका अध्यक्ष अनूप राज शर्माले निर्वाचनलाई शान्तिपूर्ण तथा मानव अधिकारमैत्री बनाउन सुरक्षा निकायको भूमिका महत्वपूर्ण हुने भन्दै सुरक्षा व्यवस्था प्रभावकारी बनाउनका लागि समर्पित रहन सुरक्षा निकायका प्रमुखहरूलाई आग्रह गर्नुभएको छ । उहाँले मतदाताहरू सुरक्षा व्यवस्थाप्रति आश्वस्त हुनसके मात्र मतदान प्रक्रिया विश्वसनीय र सफल हुने विचार व्यक्त गर्नुभएको छ । छलफलका क्रममा गृह सचिव मोहनकृष्ण सापकोटाले निर्वाचन सुरक्षा व्यवस्था मानव अधिकारको प्रत्याभूति हुने ढङ्गबाट गरिएको बताउनुभएको छ ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepnl.org, Website: www.nhrcnepal.org